"खाद्य पदार्थमा स्वच्छता: विज्ञानको अपरिहार्यता"

# विश्व खाद्य स्वच्छता दिवस- २०८२

काठमाडौं, नेपाल

प्रधानमन्त्री



## शुभकामना

संयुक्त राष्ट्र सङ्घको ७३औं महासभाद्वारा सन् २०१८ मा गरिएको निर्णयअनुसार, प्रत्येक वर्ष जुन ७ तारिखमा मनाइने "**विश्व खाद्य स्वच्छता दिवस**" यस वर्ष नेपालमा '**खाद्य पदार्थमा स्वच्छता: विज्ञानको अपरिहार्यता (Food Safety : Science in Action)**" भन्ने नाराका साथ विविध कार्यक्रमहरू आयोजना गरी मनाउन लागिएको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति, समृद्धि र स्वस्थ जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालमा खाद्य सुरक्षा, स्वच्छता र गुणस्तर सुनिश्चित गर्न संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाहरु कार्यान्वयनमा आइसकेको छ । सरकारले खाद्य पदार्थहरुको उत्पादनदेखि उपभोगसम्मका चरणहरुमा हानिकारक पदार्थहरुको वैज्ञानिक अनुगमन, निगरानी र जाँच परीक्षण गर्न अन्तर्राष्ट्रिय मानक अनुरुप आधुनिक प्रयोगशाला र संस्थागत संरचनाहरु विकास गरी विश्वसनीयता अभिवृद्धि गरिरहेको छ ।

खाद्य पदार्थमा स्वच्छता र गुणस्तर कायम गरी मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ता हित संरक्षणको लागि सम्पूर्ण किसान, पशुपालक, खाद्य उद्यमी तथा सम्बन्धित सबै पक्षले आ-आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्नु अपरिहार्य छ । हामी सबैको संयुक्त प्रयासले नेपाली उत्पादनहरु अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउँदै "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु ।

अन्त्यमा, यस दिवसले खाद्य श्रृङ्खलामा संलग्न सबैलाई वैज्ञानिक तथ्यका आधारमा खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर कायम गरी स्वस्थ समाज निर्माणको प्रेरणा प्रदान गरोस् भन्दै यस "**विश्व खाद्य स्वच्छता दिवस**" को अवसरमा पुनः शुभकामना व्यक्त गर्दछु ।

**केपी शर्मा ओली**

२०८२ जेठ २४
११४५ तछलाथ्व: १२, शनिबार ।

---

**मा. रामनाथ अधिकारी**
**मन्त्री**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

नेपाल सरकार

सिंहदरबार, काठमाडौं
इमेल: adhikariramnath263@gmail.com
minister@moald.gov.np



## शुभकामना

जुन ७ का दिन संयुक्त राष्ट्र संघले तय गरेको "**खाद्य पदार्थमा स्वच्छता: विज्ञानको अपरिहार्यता (Food safety : science in action)**" भन्ने मूल नाराका साथ यही जेठ १८ गते देखि २४ गते सम्म विभिन्न कार्यक्रमहरू संचालन गरी सप्ताहव्यापी रूपमा विश्व खाद्य स्वच्छता दिवस २०२५ मनाइरहेको अवसरमा आम जनसमुदायमा शुभकामना व्यक्त गर्दछु ।

मानव स्वास्थ्यमा कुनै हानी नोक्सानी नगर्ने गरि भौतिक, रसायनिक, जैविक र विषाक्त तत्वहरु रहित र संक्रमण रहित तथा स्वच्छ खाद्य पदार्थहरू उपभोगको सुनिश्चितता गर्नु पर्दछ । खाद्य श्रृंखलाका हरेक चरणमा वैज्ञानिक ज्ञानको कमिका कारण स्वच्छ खाद्य पदार्थमा हानीकारक तत्वहरुद्वारा संक्रमित भै मानव स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ । त्यसैले खाद्य स्वच्छता सुनिश्चित गर्न उत्पादनदेखि उपभोगसम्मका सबै प्रक्रिया वैज्ञानिक ढंगले सञ्चालन हुनु पर्ने एवं वैज्ञानिक आधारमा स्थापित स्वच्छताका अवयवहरू विश्वसनीय र सर्वमान्य हुनु आवश्यक भएकोले नै यस वर्षको विश्व खाद्य स्वच्छता दिवसको अवसरमा विश्वले नै **खाद्य स्वच्छतामा विज्ञानको अपरिहार्यता**लाई आत्मासात गरेको छ ।

यदाकदा चाडपर्वका सामूहिक भोजमा अस्वच्छ खानाले मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याई मृत्यु समेत हुने घटना देखिन्छन् । यस्ता जोखिम न्यूनीकरण गर्न नेपाल सरकार वैज्ञानिक आधारमा खाद्य श्रृंखलामा स्वच्छता र गुणस्तर सुनिश्चित गर्ने तथा खाद्य उद्योगमा सहजीकरण गर्ने राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६ को कार्यान्वयन एवं कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै अनुसन्धान, स्रोत व्यवस्थापन र समन्वयमा जुटिरहेको छ । नेपाल सरकारले खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानुनलाई समय सापेक्ष र वैज्ञानिक पद्धतिको आधारमा तयार गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ संघीय संसदले २०८१ वैशाखमा जारी गरेर २०८१ श्रावणदेखि कार्यान्वयनमा ल्याएको छ । नेपालमा उत्पादन, प्रशोधन भई विक्री वितरण हुने खाद्य पदार्थ लगायत बाह्यमुलुकबाट आयात हुने खाद्य पदार्थहरूको समेत स्वच्छता र गुणस्तरको नियमनका लागि यो ऐन जारी हुनु एउटा महत्वपूर्ण उपलब्धिको रूपमा मैले लिएको छु ।

समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य हासिल गर्न स्वच्छ र गुणस्तरीय खाद्य उपभोग अनिवार्य छ । जसका लागि खाद्य तथा दाना स्वच्छता एवम् गुणस्तर कायम गर्ने मुख्य जिम्मेवारी बोकेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मातहतमा रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले गर्ने प्रमाणीकरण कार्यलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न र अझ सवल बनाउन विज्ञानमा जोड दिन, प्रयोगशाला सुदृढीकरण गरी नेपाली उत्पादनहरुको गुणस्तरमा सुधार गर्दै विश्व वजारमा पुऱ्याउन सदैव तत्पर र अग्रशील रहन आह्वान गर्दै विश्व खाद्य स्वच्छता दिवस जेठ २४, २०८२ (जुन ७, २०२५) को हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२४ जेठ, २०८२
७ जुन, २०२५

**मा. रामनाथ अधिकारी**
**मन्त्री**

---

नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहरबार, काठमाडौं
नेपाल



### शुभकामना

हरेक वर्ष जून ७ मा मनाईने विश्व खाद्य स्वच्छता दिवस यस वर्ष "**खाद्य पदार्थमा स्वच्छता: विज्ञानको अपरिहार्यता** (Food safety : science in action)" मूल नाराका साथ आज (२०८२ जेठ २४) भव्यताका साथ मनाइदैछ । यस वर्षको नाराले खाद्य स्वच्छतामा विज्ञानको सक्रिय भूमिका दर्शाउँदै विज्ञान र तथ्यमा आधारित खाद्य स्वच्छता सम्बन्धी नीति निर्माण तथा नियमन प्रणालीको विकास तथा कार्यान्वन्यनको महत्व उजागर गरेको छ ।

नेपाल सरकारले खाद्य स्वच्छतालाई प्राथमिकतामा राखि नीति, कानुन तथा कार्ययोजनाहरू मार्फत खाद्य स्वच्छता प्रणाली सुधारका पहलहरू गर्दै आएको छ । यसै सन्दर्भमा, खाद्य स्वच्छता र गुणस्तरीयताको नियमन कार्यलाई समयानुकूल सदृढ र प्रभावकारी बनाउन नेपाल सरकारले **खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१** मार्फत मानव स्वास्थ्यको रक्षा, तथा उपभोक्ता हीत संरक्षणका लागि खाद्य श्रृङ्खलाका सबै चरणमा वैज्ञानिक तथ्यका आधारमा खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सुनिश्चित गर्ने महत्वपूर्ण जिम्मेवारी वहन गर्दै आएको छ । यसका साथै नेपाल सरकारले खाद्य स्वच्छताको सवलीकरणका लागि सरकार मातहतका खाद्य परीक्षण प्रयोगशालाहरूको सुदृढीकरण, मोबाइल खाद्य प्रयोगशालाबाट खाद्य अनुगमन र परिक्षण, खाद्य प्रविधि तथा खाद्य स्वच्छता सम्बन्धी अध्ययन अनुसन्धान तथा वैज्ञानिक तथ्य र नवप्रवर्तन प्रविधि मार्फत आफ्ना नीति तथा कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउने दिशातर्फ अग्रसर रहेको छ ।

खाद्य जन्य रोग तथा महामारीको जोखिम न्यूनीकरण गर्न तथा स्वस्थ जीवनका लागि सुरक्षित, पोषिलो र गुणस्तरीय खाद्य उपभोग अत्यावश्यक छ । खाद्य स्वच्छता हाम्रो स्वास्थ्य, पोषण, वातावरण र आर्थिक समृद्धिसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकोले नेपालको संविधानले नागरिकको मौलिक हक अन्तर्गत प्रत्येक नागरीकलाई गुणस्तरीय वस्तु तथा सेवाको हक हुनेछ भनि सुनिश्चित गरेको छ ।

नेपाल विश्व व्यापार संगठन (WTO) को सदस्य राष्ट्र भएकोले अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी सान्दर्भिक मापदण्डहरू अवलम्बन गर्नु अनिवार्य छ । विश्व व्यापार संगठन (WTO) अन्तर्गतको SPS (Sanitary and Phytosanitary Measures) सम्झौता अनुसार नेपालले अन्तर्राष्ट्रिय खाद्य मापदण्ड निर्धारण गर्ने संस्था Codex Alimentarius Commission को गतिविधिमा सक्रिय सहभागिता जनाउँदै खाद्य पदार्थको स्तर तथा मापदण्डहरूको आवश्यकता अनुसार चरणवद्ध रुपमा अन्तर्राष्ट्रिय मापदण्डसँग समतुल्यता रुपमा कायम गर्दै आएको छ । यस्तै, खाद्य स्वच्छता सम्बन्धी सूचना आदानप्रदान गर्न INFOSAN (International Food Safety Authorities Network) जस्ता अन्तर्राष्ट्रिय संयन्त्रसँग समन्वय गर्दै खाद्य स्वच्छता सम्बन्धी जोखिम व्यवस्थापन र उपभोक्ता हित संरक्षणमा नेपाल प्रतिवद्ध छ ।

अन्त्यमा, खाद्य श्रृंखलाको सबै चरणमा खाद्य स्वच्छता सुनिश्चित गर्न नेपाल सरकार सधैं प्रतिवद्ध रहेको र यस विश्व खाद्य स्वच्छता दिवसको अवसरमा सबै सरोकारवाला निकायहरू; खाद्य व्यवसायी, वैज्ञानिक, कृषि, खाद्य, स्वास्थ्य तथा अनुसन्धान क्षेत्रका विज्ञहरू; उपभोक्ता, सम्पूर्ण नेपाली नागरिकहरुलाई खाद्य सुरक्षाको साझा दायित्व वहन गर्दै "खाद्य पदार्थमा स्वच्छता: विज्ञानको अपरिहार्यता" भन्ने नारालाई व्यवहारमा उतार्न आ-आफ्नो सक्रिय भूमिका निर्वाह गर्न आह्वान गर्दै विश्व खाद्य स्वच्छता दिवसको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

**डा. गोबिन्द प्रसाद शर्मा**
**सचिव**

**२०८२ जेठ २४**
**नेपाल संवत ११४५**

---

नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहरबार, काठमाडौं
नेपाल



### शुभकामना

"खाद्य पदार्थमा स्वच्छता: विज्ञानको अपरिहार्यता" भन्ने मूल नाराका साथ ७ जुन, २०२५ (जेठ २४, २०८२) का दिन खाद्य पदार्थमा स्वच्छता र गुणस्तर कायम गरी आम उपभोक्ताको स्वास्थ्य र जीवन रक्षाका लागि सचेतना मूलक एवं प्रवर्द्धनात्मक विविध कार्यक्रमहरू सप्ताहव्यापी रुपमा जुन १ देखि ७ सम्म सञ्चालन गरी "**विश्व खाद्य स्वच्छता दिवस, २०२५**" भव्यताको साथ मनाईदै छ ।

खाद्य पदार्थको विविधिकरण एवं अन्तर्राष्ट्रिय व्यापारमा देखिएको वृद्धि संगै खाद्य स्वच्छताको जोखिम पनि बढ्दै गएको देखिन्छ । यसै परिप्रेक्ष्यमा, यस वर्षको विश्व खाद्य स्वच्छता दिवस, २०२५ को मुल नारा "Food safety : science in action" अनुरुप खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम राख्न विज्ञानमा आधारित तथ्यहरुको विकास गर्नुपर्ने र सोको आधारमा खाद्य पदार्थको नियमन एवं निगरानी प्रणालीलाई थप प्रभावकारी बनाउनु पर्ने जरुरी रहेको देखिन्छ । यस कार्यमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय सदैव विभागलाई सहयोग गर्ने कुरामा प्रतिवद्धता रहेको छ ।

खाद्य तथा दाना पदार्थमा स्वच्छता र गुणस्तर कायम राख्न आगामी दिनहरुमा नीतिगत सुधार, प्रभावकारी बजार अनुगमन, प्रयोगशाला सेवाको सुदृढीकरण, खाद्यजन्य रोगव्याधी निगरानी (Food epidemiology surveillance) प्रणालीको विकास, खाद्य तथा दाना पदार्थमा प्रतिजैविक प्रतिरोधको निगरानी (Food AMR surveillance) एवं प्रतिजैविक औषधीको अवशेष (Antibiotic residues) सम्बन्धी नियमन, खाद्य संरक्षणमा विकिरणको प्रयोग (Radiation in foods), आनुवंशिक रुपमा परिमार्जित खाद्य पदार्थ (GMO foods) को प्रभावकारी अनुगमन र निगरानी गर्ने जस्ता खाद्य स्वच्छताका नयाँ आयमहरुलाई संवोधन गर्न एक स्वास्थ्य रणनीति (One Health Strategy) को अवधारणा प्रभावकारी रहने हुँदा सो अनुरुप विभाग अगाडी बढ्नुपर्ने देखिन्छ । जसको लागि सरोकारवाला सबैको सहयोग, समन्वय र सहकार्य अति आवश्यक रहने भएकोले यस मन्त्रालयले निरन्तर रुपमा सोको लागि सहजीकरण र नेतृत्वदायी भूमिका निर्वाह गर्ने कुरामा समेत म विश्वस्त रहेको छु ।

अन्तमा यस दिवसले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को प्रभावकारी कार्यान्वयन मार्फत खाद्य पदार्थको स्वच्छता एवं गुणस्तर कायम राख्दै सुरक्षित र गुणस्तरीय खाद्य पदार्थ उपभोग गर्न पाउनु पर्ने आम उपभोक्ताको मौलिक अधिकार सुनिश्चित गराउन सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

७ जुन २०२५ (२०८२ जेठ २४)
नेपाल संवत ११४५

**(डा. दिपक कुमार खराल)**
**सचिव**

---

नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं
नेपाल



### शुभकामना सन्देश

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत **खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**ले वि. सं. २०६५ देखि खाद्य स्वच्छता दिवस मनाउँदै आएकोमा यस वर्ष **१७ औं राष्ट्रिय खाद्य स्वच्छता दिवस** मनाउँदै गर्दा सन् २०१८ देखि संयुक्त राष्ट्र संघको ७३ औं महासभाले समेत ७ जूनका दिन **विश्व खाद्य स्वच्छता दिवस** मनाउने निर्णय गरेको हुँदा आज मिति २०८२ जेठ २४ (७ जून २०२५) गतेका दिन "Food safety : science in action" भन्ने नाराका साथ ७ औं **विश्व खाद्य स्वच्छता दिवस, २०२५** मनाई रहेको छ । यसै सन्दर्भमा नेपालमा पनि "**खाद्य पदार्थमा स्वच्छता: विज्ञानको अपरिहार्यता**" भन्ने नारा साथ **विश्व खाद्य स्वच्छता दिवस, २०८२ (World Food Safety Day, 2025)**, मनाई रहेका छौं ।

विश्व स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार विश्वमा हरेक वर्ष ६० करोड भन्दा बढी मानिसलाई खाद्य पदार्थ जनित रोग लाग्ने गर्दछ जसको कारणले रोगको उपचारमा १५ अर्व अमेरिकी डलर भन्दा बढी खर्च भएको देखाएको छ । खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरसँग जोडिएर आउने सम्भावित् जोखिम न्यूनिकरण गर्न वैज्ञानिक तथ्यको आधारमा खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर मापदण्ड र खाद्य स्वच्छता व्यवस्थापन प्रणाली निर्धारण गरी त्यसको प्रभावकारी नियमनका विषय महत्वपर्ण हुन्छ । खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्न सम्वन्धित सरोकारवाला सदैव तत्पर रहनु पर्दछ । हालै सम्मानित संसदबाट जारी भएको **खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१** ले खाद्य श्रृंखलाका सबै चरणमा खाद्य स्वच्छता कायम गर्न सबै खाद्य व्यवसायीहरुको दायित्व तोकिएकोले सबैले यसको परिपालनामा जोड दिनु पर्दछ । खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम गर्नका लागि नियमकारी निकायहरुका साथै कृषक, उत्पादक, खाद्य उद्योगी, व्यवसायी तथा उपभोक्ता समेत सहभागीमूलक ढंगले आ-आफ्नो भूमिका निभाउन तत्पर्ताका साथ अघि बढ्नु जरुरी छ ।

नेपाल विश्व व्यापार संगठनको सदस्य राष्ट्र भएको सन्दर्भमा खाद्य स्वच्छता र गुणस्तर नियमनका लागि निर्धारित मापदण्ड एवं प्रावधानहरु विज्ञानमा आधारित हुनुपर्ने हुन्छ । नेपालले पनि खाद्य पद( ार्थको अन्तरराष्ट्रिय मापदण्ड निर्धारण गर्ने कोडेक्स एलिमेन्टारियस कमिशन (Codex Alimentarius Commission, CAC) ले तय गरेको मापदण्डसंग समतुल्य हुने गरी राष्ट्रिय आवश्यकता अनुसार राष्ट्रिय मापदण्ड निर्धारण गरी खाद्य अनुगमन, निरीक्षण, सर्वेक्षण, प्रमाणीकरण, परिक्षण लगायतका नियमन गर्ने कार्य गर्दै आएको छ ।

अन्त्यमा, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले "**खाद्य पदार्थमा स्वच्छता: विज्ञानको अपरिहार्यता**" भन्ने नाराका साथ सप्ताहव्यापीरुपमा मिति २०८२ जेठ १८ गतेदेखि आज २४ गतेसम्म मनाईरहेको **विश्व खाद्य स्वच्छता दिवस, २०८२** को अवसरमा खाद्य स्वच्छता र गुणस्तर कायम राख्न विज्ञानमा आधारित खाद्य पदार्थको स्वच्छता र गुणस्तर मापदण्ड निर्धारण एवं खाद्य स्वच्छता व्यवस्थापन प्रणाली विकास गरी र त्यसको स्वनियमन एवं प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको तर्फबाट प्रतिबद्धता एवं सहकार्यका लागि विभाग हार्दिक आह्वान गर्दछ ।

७ जून २०२५ (२०८२ जेठ २४)
११४५ तछलाथ्व: १२, शनिबार ।

**संजीव कुमार कर्ण**
**महानिर्देशक**